## आर्थिक वर्ष २०८०/०८१ को

# वार्षिक प्रतिवेदन

प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

**पर्यटन कार्यालय, धरान**

सुनसरी, कोशी प्रदेश

# विषय सूची


**परिच्छेद - एक**

**प्रारम्भिक** १

१.१ परिचय १

१.२ सङ्गठन संरचना २

१.३ कार्यक्षेत्र र कार्य जिम्मेवारी ३

**परिच्छेद - दुई**

**सम्पादित कार्यहरू** ४

२.१ विश्व पर्यटन दिवस ४

२.२ होमस्टे सम्बन्धी अभिमुखीकरण तालिम ४

२.३ नयाँ पर्यटकीय क्षेत्रमा होमस्टे सञ्चालनका लागि पूर्व तयारी शिक्षा ५

२.४ सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गोष्ठी ५

२.५ होमस्टे सञ्चालकहरूको अनुभव आदान प्रदान सम्बन्धी भ्रमण कार्यक्रम ६

२.६ सामुदायिक होमस्टे प्रवर्धनात्मक सहयोग कार्यक्रम ७

२.७ दर्ता, नवीकरण तथा खारेजी ७

२.८ अनुगमन निरीक्षण ८

२.९ वार्षिक लक्ष्य र प्रगति ९

**परिच्छेद - तीन**

**राजस्व सङ्कलन** १०

३.१ आ.व. २०८०/०८१ मा सङ्कलित राजस्व १०

३.२ आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ को तुलना १०

**परिच्छेद - चार**

| | | |
|---|---|---|
| **समस्या तथा चुनौतीहरू** | | **११** |
| ४.१ | समस्या | ११ |
| ४.२ | चुनौती | ११ |
| ४.३ | समस्या समाधानको उपाय | १२ |
| **अनुसूची** | | **१३** |

# परिच्छेद - एक

# प्रारम्भिक

## १.१ परिचय

नेपालको संविधान, २०७२ को अनुसूची ६ अनुसार पर्यटन क्षेत्र प्रदेश सरकारको एकल अधिकारको सूचीमा पर्दछ। कोशी प्रदेशको हकमा उक्त अधिकार पर्यटन, वन तथा वातावरण मन्त्रालयमा निहित रहेको छ भने मन्त्रालयले ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी र होमस्टे सम्बन्धी सम्पूर्ण अधिकार आफू मातहत रहेका दुईवटा पर्यटन कार्यालयहरू क्रमशः पर्यटन कार्यालय, धरान र पर्यटन कार्यालय, काकरभिट्टालाई प्रत्यायोजन गरेको छ।

कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेको पर्यटन कार्यालय, धरानको स्थापना वि.सं. २०७७ कार्तिक २४ गते भएको हो। यस कार्यालयको कार्यक्षेत्रभित्र कोशी प्रदेशको मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु जिल्ला पर्दछन्।

पर्यटन कार्यालय, धरानले आफ्नो कार्यक्षेत्रभित्र रहेका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीहरू र होमस्टेहरूको दर्ता, नवीकरण, अनुगमन र खारेजी लगायतका कार्यहरू सम्पादन गर्दछ। होमस्टे सञ्चालकहरूको क्षमता वृद्धि सम्बन्धी तालिमहरू पनि सञ्चालन गर्दछ। यसको अतिरिक्त प्रदेश सरकारको नीति तथा कार्यक्रम र मन्त्रालयको निर्देशन बमोजिम आफ्नो कार्यक्षेत्रभित्र पर्यटन प्रवर्धन सम्बन्धी विविध क्रियाकलापहरू समेत सञ्चालन गर्दछ।

कार्य सम्पादन वा सेवा प्रवाह गर्ने क्रममा कार्यालयले विभिन्न संघीय तथा प्रादेशिक कानुनहरूको अतिरिक्त प्रत्यक्ष रूपमा कोशी प्रदेशको पर्यटन विकास ऐन, २०७६, पर्यटन विकास नियमावली, २०७७ तथा होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अधीनमा रही कार्य सम्पादन गर्ने गर्दछ।

## १.२ सङ्गठन संरचना

आर्थिक वर्ष २०८०/०८१ को लागि कार्यालयको स्वीकृत अस्थायी दरवन्दी तेरिज देहाय बमोजिम रहेको छ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश
पर्यटन कार्यालय, धरानको अस्थायी दरवन्दी तेरिज

| क्र.सं. | दरवन्दी विवरण | | | आ.व. २०७९/८० को स्वीकृत दरवन्दी संख्या | आ. व. २०८०/८१ को दरवन्दी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पद नाम | तह/श्रेणी | सेवा/समूह | | थप | घट | कायम | |
| १ | कार्यालय प्रमुख | ७/८ | प्र./सामान्य प्रशासन | १ | ० | ० | १ | |
| २ | ईन्जिनियर | ७/८ | ईन्जि./सिभिल | १ | ० | १ | ० | |
| ३ | सहायक/ अधिकृत | ५/६ | प्र./सामान्य प्रशासन | २ | ० | ० | २ | |
| ४ | सहायक/ अधिकृत | ५/६ | प्र./लेखा | १ | ० | ० | १ | |
| ५ | सब-ईन्जिनियर | ५/६ | ईन्जि./सिभिल | १ | ० | १ | ० | |
| ६ | ह.स.चा. | तह विहिन | | १ | ० | ० | १ | |
| ७ | कार्यालय सहयोगी | तह विहिन | | २ | ० | ० | २ | |
| जम्मा | | | | ९ | ० | २ | ७ | |

**कार्यरत कर्मचारीः-**

| क्र.सं. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | विजय राई | कार्यालय प्रमुख | |
| २ | प्रदिप कुमार श्रेष्ठ | अधिकृत छैटौं | |
| ३ | उपेन्द्र बहादुर श्रेष्ठ | अधिकृत छैटौं | |
| ४ | सरस्वती राई | कार्यालय सहयोगी | करार |
| ५ | उमेश कुमार कुसियैत | कार्यालय सहयोगी | करार |

## १.३ कार्यक्षेत्र र कार्य जिम्मेवारी

पर्यटन कार्यालय, धरानको कार्यक्षेत्र कोशी प्रदेशको १० जिल्लाहरू क्रमशः मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु हुन्। कार्यालयले सम्पादन गर्ने मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन्।

- <u>होमस्टे दर्ता, नवीकरण, अनुगमन, खारेजी र तालिम सञ्चालनः-</u> कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका जिल्लामा कसैले निजी वा सामुदायिक होमस्टे सञ्चालन गर्न चाहन्छ भने त्यसको निम्ति पूर्व तयारी शिक्षा (तालिम) सञ्चालन गरी होमस्टे दर्ता गर्ने र वार्षिक रूपमा सोको नवीकरण गर्ने गर्दछ। त्यसैगरी कार्यालयले दर्ता भई सञ्चालनमा रहेका होमस्टेका सञ्चालकहरूको निम्ति वार्षिक कार्यक्रम अनुसार क्षमता विकास सम्बन्धी तालिमहरू सञ्चालन गर्नुका साथै होमस्टेहरू कानुनले तोके बमोजिम सञ्चालन भएका छन् वा छैनन् भनी बेला बखत अनुगमन समेत गर्दछ।
- <u>ट्राभल/ट्रेकिङ्ग एजेन्सी दर्ता, नवीकरण, अनुगमन, खारेजी र तालिम सञ्चालनः-</u> कार्यालयले ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीहरूको समेत दर्ता, नवीकरण, अनुगमन र खारेजी लगायतका कार्यहरू गर्दछ। साथै वार्षिक कार्यक्रम अनुसार ट्राभल ट्रेकिङ्ग व्यवसायमा आवद्ध व्यवसायीहरूको क्षमता विकाससँग सम्बन्धित तालिम कार्यक्रमहरू समेत सञ्चालन गर्दछ।
- <u>पर्यटन प्रवर्धनः-</u> प्रदेश सरकारको पर्यटन सम्बन्धी नीति र मन्त्रालयको निर्देशन बमोजिम आफ्नो कार्यक्षेत्रका जिल्लाहरूमा रहेका नयाँ तथा स्थापित पर्यटकीय स्थलहरूको प्रचार, प्रसार लगायत प्रवर्धनका क्रियाकलापहरू समेत कार्यालयले गर्दछ।
- <u>सरोकारवालाहरूसँग अन्तरक्रियाः-</u> प्रदेशको पर्यटन प्रवर्धन, प्रचार प्रसार लगायत पर्यटन सेवा र व्यवसायसँग सम्बन्धित विविध विषयहरूमा सरोकारवालाहरूको पृष्ठपोषण लिन बेला बेलामा कार्यालयले सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना समेत गर्दछ। साथै पर्यटन व्यवसायीहरूको पीरमर्का, समस्याहरू जान्न बुझ्न र समाधानको उपाय पहिल्याउन पनि अन्तरक्रिया कार्यक्रमको आयोजना गर्दछ।

# परिच्छेद - दुई

# सम्पादित कार्यहरू

पर्यटन कार्यालय, धरानले आ.व. २०८०/०८१ मा सञ्चालन गरेका स्वीकृत वार्षिक कार्यक्रममा रहेका कार्यक्रमहरू र अन्य क्रियाकलापहरू देहाय बमोजिम रहेका छन्।

## २.१ विश्व पर्यटन दिवस

हरेक वर्ष सेप्टेम्बर २७ तारिखको दिन मनाइने विश्व पर्यटन दिवस यसपटक **"पर्यटन र हरित लगानी"** भन्ने नाराका साथ विश्वभरि नै मनाइएको थियो। यसै सन्दर्भमा पर्यटन कार्यालय धरानले पनि वार्षिक कार्यक्रम अनुसार २०८० असोज १० गते (सेप्टेम्बर २७, २०२३) को दिन धनकुटा जिल्लाको साँगुरीगढी गाउँपालिकाको वडा नं. ६ स्थित नाम्जेमा एक कार्यक्रमको आयोजना गरेर पर्यटन दिवस सम्पन्न गरेको थियो।

उक्त कार्यक्रममा नाम्जे थुम्की सामुदायिक होमस्टेका सञ्चालकहरू र अन्य स्थानीयवासीहरू गरी ४० जनालाई सहभागी गराइ होमस्टेको सामुदायिक भवनमा कार्यक्रम गरिएको थियो। त्यसैगरी कार्यक्रमका सहभागीहरूद्वारा नाम्जे थुम्की सामुदायिक होमस्टेबाट नाम्जे बजार हुँदै आत्माघरसम्म पदयात्रा पनि सम्पन्न गरियो। विभिन्न वक्ताहरूले होमस्टे र समग्र पर्यटनको महत्वको बारेमा आ-आफ्नो मन्तव्य राख्नु भएको थियो।

## २.२ होमस्टे सम्बन्धी अभिमुखीकरण तालिम

पर्यटन कार्यालय धरानको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम मध्येकै एक कार्यक्रम होमस्टे सम्बन्धी अभिमुखीकरण तालिम पनि हो। दर्ता भइ सञ्चालनमा रहेका होमस्टेका सञ्चालकहरूलाई होमस्टे सञ्चालन सम्बन्धमा थप सबल बनाउन, विद्यमान कानुनी व्यवस्थाहरूको बारेमा उनीहरूलाई जानकारी दिलाउन यो अभिमुखीकरण तालिमको आयोजना गरिएको थियो।

आ.व. २०८०/०८१ मा यस्तो तालिम तपसिल अनुसार सम्पन्न गरियो।

| क्र.सं. | तालिम सञ्चालन गरेको होमस्टे | तालिम मिति | सहभागी सङ्ख्या |
|---|---|---|---|
| १ | तपेश्वरी मध्यवर्ती सामुदायिक होमस्टे<br>बेलका न.पा. २, उदयपुर | २०८०/०९/१९ | ३२ जना |
| २ | गोठेसिंह होमस्टे<br>टेम्केमैयुङ गा.पा. २, भोजपुर | २०८०/१०/१५ | २९ जना |

## २.३ नयाँ पर्यटकीय क्षेत्रमा होमस्टे सञ्चालनका लागि पूर्व तयारी शिक्षा

स्वीकृत वार्षिक कार्यक्रम मध्येको अर्को कार्यक्रम हो - नयाँ पर्यटकीय क्षेत्रमा होमस्टे सञ्चालनका लागि समुदायमा पूर्व तयारी शिक्षा। नयाँ होमस्टे दर्ता गरी सञ्चालन गर्न चाहनेहरूको निम्ति सञ्चालन गरिने यो कार्यक्रमले होमस्टे सम्बन्धी प्रदेश सरकारको विद्यमान ऐन, नियम तथा होमस्टे दर्ता, नवीकरण गर्ने प्रक्रियाहरूको बारेमा आवश्यक जानकारी प्रदान गर्दछ।

पर्यटन कार्यालय धरानले आ.व. २०८०/०८१ मा यस्तो चारवटा कार्यक्रम सञ्चालन गरेको थियो जसबाट १६३ जनाले प्रत्यक्ष लाभ लिएका थिए।

| क्र.सं. | तालिम सञ्चालन गरेको स्थान | तालिम मिति | सहभागी सङ्ख्या |
|---|---|---|---|
| १ | इक्राही, रामधुनी न.पा. ४, सुनसरी | २०८०/०६/१८ | ३५ जना |
| २ | अमाह, बराहक्षेत्र न.पा. ४/५, सुनसरी | २०८०/०८/२८ | ३९ जना |
| ३ | चौकीबारी, त्रियुगा न.पा. ९, उदयपुर | २०८०/१०/२६ | ५१ जना |
| ४ | प्रास्टोकी, दुहवी न.पा. १, सुनसरी | २०८१/०१/१९ | ३८ जना |

## २.४ सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गोष्ठी

होमस्टे सञ्चालक, ट्राभल तथा ट्रेकिङ्ग एजेन्ट लगायत अन्य पर्यटन व्यवसायी र सरोकारवालाहरूसँग सम्बन्धित विषयको क्षेत्रमा छलफल तथा अन्तरक्रिया गरी अनुभव साटासाट,

समस्या पहिचान, समाधानका उपायको खोजी गर्नको निम्ति यो कार्यक्रम वार्षिक कार्यक्रममा राखिएको थियो।

कार्यालयले २०८० चैत्र ९ गते कार्यालय परिसरमा होमस्टे सञ्चालकहरूलाई आमन्त्रण गरी एउटा अन्तरक्रिया गरेको थियो। उक्त अन्तरक्रियाको क्रममा होमस्टे सञ्चालकहरूले आ-आफ्ना अनुभव सुनाउँदै होमस्टे सञ्चालनको क्रममा आइपरेका व्यावहारिक तथा कानुनी समस्याहरूको बारेमा अवगत गराएका थिए। कार्यालयले ती कुराहरू टिपोट गरी समस्या समाधानको निम्ति आवश्यक पहल समेत गरेको छ।

## २.५ होमस्टे सञ्चालकहरूको अनुभव आदान प्रदान सम्बन्धी भ्रमण कार्यक्रम

पर्यटन कार्यालय धरानको कार्यक्षेत्र पर्ने जिल्लाहरूमा नियमानुसार दर्ता तथा नवीकरण भइ सञ्चालनमा रहेका निजी तथा सामुदायिक होमस्टेका सञ्चालकहरूलाई विभिन्न प्रदेशमा रहेका होमस्टे सञ्चालकहरूसँग अनुभव आदान प्रदान गर्न गराउन यो भ्रमण कार्यक्रमको आयोजना गरिएको थियो।

यस्तो भ्रमण कार्यक्रमले होमस्टे सञ्चालकहरूलाई एक अर्कासँग अनुभव साटासाट गर्न, एक अर्काको समस्याको बारेमा बुझ्न र त्यस्ता समस्या समाधान गर्न अवलम्बन गरिएका उपायहरूको बारेमा बुझ्न बुझाउन अवसर प्रदान गर्दछ।

कार्यालयले २०८० चैत्र १४ गतेदेखि १९ गतेसम्म ६ दिने भ्रमण कार्यक्रम आयोजना गरेको थियो जसमा विभिन्न दश वटा निजी तथा सामुदायिक होमस्टेका २६ जना सञ्चालकहरू सहभागी भएका थिए। यस दौरान भ्रमण टोलीले तपेश्वरी मध्यवर्ती सामुदायिक होमस्टे उदयपुर, बहेडवा थारु सामुदायिक होमस्टे उदयपुर, अमलटारी मध्यवर्ती सामुदायिक होमस्टे कावासोती, नवलपरासी, जगदिशपुर जलाशय थारु सामुदायिक होमस्टे कपिलवस्तु र ल्वाङ्ग सामुदायिक होमस्टे कास्कीको भ्रमण गरेको थियो।

कार्यक्रमको यात्राको सिलसिलामा बाटोमा पर्ने ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको समेत अवलोकन गरियो।

## २.६ सामुदायिक होमस्टे प्रवर्धनात्मक सहयोग कार्यक्रम

प्रदेशको पर्टयन प्रवर्धनमा ग्रामीण क्षेत्रमा रहेका होमस्टेहरूको पनि प्रत्यक्ष भूमिका र महत्व रहेको हुन्छ। यी होमस्टेहरूको प्रवर्धन गर्न सके त्यसको लाभ प्रदेशको पर्यटन प्रवर्धनमा देखिन्छ। होमस्टेहरूलाई आवश्यक पर्ने साना तिना सामग्रीहरू उपलब्ध गराउन सके उनीहरूको प्रदेश सरकारप्रति पनि विश्वास कायम रहन्छ।

पर्यटन, वन तथा वातावरण मन्त्रालय, विराटनगरले स्वीकृत गरेको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन २०८० बमोजिम पर्यटन कार्यालय धरानले (१) बहेडवा थारु सामुदायिक होमस्टे, त्रियुगा न.पा. १३, उदयपुर, (२) तपेश्वरी मध्यवर्ती सामुदायिक होमस्टे, बेलका न.पा. १,२ उदयपुर र (३) डाँडाबजार सामुदायिक होमस्टे, साँगुरीगढी गा.पा. ५ धनकुटालाई प्रवर्धनात्मक सहयोग सामग्री उपलब्ध गराएको थियो।

त्यसैगरी यही कार्यक्रम अन्तरगत कार्यालयले डाँडाबजार सामुदायिक होमस्टे, साँगुरीगढी गा.पा. ५, नाम्जे थुम्की सामुदायिक होमस्टे, साँगुरीगढी गा.पा. ६, बहेडवा थारु सामुदायिक होमस्टे, त्रियुगा न.पा. १३, तपेश्वरी मध्यवर्ती सामुदायिक होमस्टे, बेलका न.पा. १, २ र गुवाबारी अर्गानिक महिला सामुदायिक होमस्टे, खाँदबारी न.पा. ३ लाई पर्यटक आचारसंहिताको फ्लेक्स पनि वितरण गरेको थियो। साथै विभिन्न सामुदायिक होमस्टेहरूको ब्रोसर समेत प्रकाशन गरी सहयोग गरियो।

## २.७ दर्ता, नवीकरण तथा खारेजी

आर्थिक वर्ष २०८०/०८१ मा देहाय बमोजिमको सङ्ख्यामा होमस्टे तथा ट्राभल एजेन्सीहरूको दर्ता, नवीकरण तथा खारेजी गरिएका छन्।

| क्र.सं. | कार्य | होमस्टे | ट्राभल एजेन्सी |
|---|---|---|---|
| १ | दर्ता | ७ | ४ |
| २ | नवीकरण | ९ | ४ |
| ३ | खारेजी | २ | १ |

## २.८ अनुगमन निरीक्षण

पर्यटन कार्यालय धरानले आ.व. २०८०/०८१ मा देहाय बमोजिमका होमस्टे तथा ट्राभल एजेन्सीहरूको अनुगमन गरेको थियो।

| क्र.सं. | अनुगमन गरिएको होमस्टे | अनुगमन मिति |
|---|---|---|
| १ | नाम्जे थुम्की सामुदायिक होमस्टे, धनकुटा | २०८०/०६/१० |
| २ | डाँडाबजार सामुदायिक होमस्टे, धनकुटा | २०८०/०६/१० |
| ३ | भलाकुसारी होमस्टे, सुनसरी | २०८०/०७/१२ |
| ४ | गुरुङ सामुदायिक होमस्टे, संखुवासभा | २०८०/०९/०५ |
| ५ | कचिडे होमस्टे, धनकुटा | २०८०/०९/०६ |
| ६ | नुनथला फार्मस्टे, धनकुटा | २०८०/०९/०६ |
| ७ | तपेश्वरी मध्यवर्ती सामुदायिक होमस्टे, उदयपुर | २०८०/०९/१९ |
| ८ | रामधुनी सामुदायिक होमस्टे, सुनसरी | २०८०/०९/२६ |
| ९ | लेकबेसी होमस्टे, खोटाङ | २०८०/१०/१६ |
| १० | बहेडवा थारु सामुदायिक होमस्टे, उदयपुर | २०८०/१०/२५ |
| ११ | सुनाखरी होमस्टे, धनकुटा | २०८१/०१/०८ |
| १२ | अरुण सिस्नेरी बहुसांस्कृतिक सामुदायिक होमस्टे, भोजपुर | २०८१/०१/२७ |
| १३ | ग्रिन भ्याली होमस्टे, भोजपुर | २०८१/०२/१२ |

| क्र.सं. | अनुगमन गरिएको ट्राभल एजेन्सी | अनुगमन मिति |
|---|---|---|
| १ | इष्टर्न एसिया ट्राभल्स एण्ड टुर्स प्रा.लि. | २०८०/०५/१८ |
| २ | प्रकृति एण्ड मोनिका ट्राभल्स एण्ड टुर्स प्रा.लि. | २०८०/०४/१५ |
| ३ | कञ्चनेश्वर ट्राभल्स | २०८०/०४/१५ |
| ४ | नेपयात्रा ट्राभल इन प्रा.लि. | २०८०/०५/१८ |
| ५ | रुद्र सर्भिसेज प्रा.लि. | २०८१/०१/३१ |

## २.९ वार्षिक लक्ष्य र प्रगति

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन कार्यालय धरान**
कोशी प्रदेश, सुनसरी

### आ.व. २०८०/८१ को वार्षिक लक्ष्य र प्रगति विवरण

बजेट उपशीर्षक नं.: ३२९०४०१२ पर्यटन कार्यालयहरू (रकम रु. लाखमा)

| क.सं. | कार्यक्रम / क्रियाकलापहरू | एकाइ | वार्षिक लक्ष्य | | | यस ... अवधिसम्मको लक्ष्य | | | वार्षिक प्रगति (भौतिक) | | | यस ... अवधिसम्मको भौतिक प्रगति (चौमासिक आयोजनाको हकमा) | | | यस ... अवधि सम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | प्रतिशत | परिमाण | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| १ | २ | ३ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| १ | मेसिनरी तथा औजार खरिद | वटा | | ४.९५ | २.५० | | | | | ४.९५ | १००.०० | | | | २.३६ | ९४.३१ | |
| २ | कार्यालयको लागि फर्निचर तथा फिक्चर्स | पटक/संख्या | | ०.९९ | ०.५० | | | | | ०.९९ | १००.०० | | | | ०.५० | ९९.८६ | |
| (क) | पुँजीगत खर्चतर्फको जम्मा | | | ५.९४ | ३.०० | | | | | ५.९४ | १००.०० | | | | २.८६ | ९५.२४ | |
| १ | होमस्टे सञ्चालकहरूको अनुभव आदान प्रदान सम्बन्धी भ्रमण कार्यक्रम | पटक | १ | १३.८६ | ७.०० | | | | १ | १३.८६ | १००.०० | | | | ६.०५ | ८६.४६ | |
| २ | कर्मचारी दक्षता वृद्धि तालिम | पटक | १ | ०.९९ | ०.५० | | | | १ | ०.९९ | १००.०० | | | | ०.५० | ९९.०० | |
| ३ | सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गोष्ठी | पटक/संख्या | ५ | १४.८५ | ७.५० | | | | १ | २.९७ | २०.०० | | | | ०.३१ | ४.१८ | * |
| ४ | होमस्टे सम्बन्धी अभिमुखीकरण तालिम | पटक | ५ | १२.३८ | ६.२५ | | | | २ | ४.९५ | ४०.०० | | | | १.२५ | १९.९३ | |
| ५ | नयाँ पर्यटकीय क्षेत्रमा होमस्टे सञ्चालनका लागि समुदायमा पूर्व तयारी शिक्षा | पटक | ५ | १२.३८ | ६.२५ | | | | ४ | ९.९० | ८०.०० | | | | २.१८ | ३६.४४ | |
| ६ | होटल, ट्राभल, ट्रेकिङमा आवद्ध व्यवसायीहरूको क्षमता विकास कार्यक्रम | पटक | ३ | ७.४३ | ३.७५ | | | | - | - | - | - | - | - | - | - | ** |
| ७ | प्रोसर प्रकाशन | पटक | १ | ३.९६ | २.०० | | | | १ | ३.९६ | १००.०० | | | | १.१२ | ५५.९४ | |
| ८ | खेलकुद पर्यटन तथा प्रवर्द्धन | पटक | १ | ५.९४ | ३.०० | | | | १ | ५.९४ | १००.०० | | | | २.९९ | ९९.८२ | |
| ९ | सामुदायिक होमस्टे प्रवर्द्धनात्मक सहयोग कार्यक्रम | पटक | १ | १९.८ | १०.०० | | | | १ | १९.८० | १००.०० | | | | ६.५५ | ६५.५४ | |
| १० | पर्यटन दिवस तथा समारोह | प्याकेज | १ | २.४८ | १.२५ | | | | १ | २.४८ | १००.०० | | | | ०.९२ | ७३.७९ | |
| (ख) | चालु खर्चतर्फ कार्यक्रम खर्चको जम्मा | | | ९४.०७ | ४७.५० | | | | | ६४.८६ | ७४.०० | | | | २१.९८ | ४६.२७ | |
| (ग) | चालु खर्चतर्फ उपभोग खर्चको जम्मा | | | | ६८.५० | | | | | | | | | | ५०.०८ | ७३.११ | |
| (घ) | चालु खर्चतर्फ खर्चको जम्मा | | | ९४.०७ | ११६.०० | | | | | | | | | | ७२.०६ | ६२.१२ | |
| (ङ) | कुल खर्च जम्मा (क+घ) | | | १०० | ११९.०० | | | | | | ७८.३३ | | | | ७४.९२ | ६२.९६ | |

बजेट समर्पणः * ७.५० लाखमध्ये ६.०० लाख समर्पण गरिएको, ** ३.७५ लाखमध्ये पुरै समर्पण गरिएको।

# परिच्छेद - तीन

# राजस्व सङ्कलन

## ३.१ आ.व. २०८०/०८१ मा सङ्कलित राजस्व

आर्थिक वर्ष २०८०/०८१ मा कार्यालयले होमस्टे तथा ट्राभल एजेन्सीहरूको दर्ता तथा नवीकरण बाट सङ्कलन गरेको राजस्व आम्दानीको विवरण देहाय बमोजिम रहेको छ।

| राजस्व शीर्षक | कुल जम्मा |
|---|---|
| १४२१९ - अन्य सेवा शुल्क तथा विक्री | २,०००.०० |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ५,०००.०० |
| १४२५३ - व्यवसाय रजिस्ट्रेशन दस्तुर | १,३२,०५०.०० |
| जम्मा | १,३९,०५०.०० |

## ३.२ आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ को तुलना

| राजस्व शीर्षक | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
|---|---|---|
| १४२१९ - अन्य सेवा शुल्क तथा विक्री | ०.०० | २,०००.०० |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | १०,०००.०० | ५,०००.०० |
| १४२५३ - व्यवसाय रजिस्ट्रेशन दस्तुर | ७०,६००.०० | १,३२,०५०.०० |
| जम्मा | ८०,६००.०० | १,३९,०५०.०० |

परिच्छेद - चार

# समस्या तथा चुनौतीहरू

## ४.१ समस्या

कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा कार्यालयले भोगेका समस्याहरू देहाय अनुसार रहेका छन्।

- **अपर्याप्त कर्मचारीः-** पर्यटन कार्यालय धरानको कार्यक्षेत्र कोशी प्रदेशको १४ जिल्ला मध्ये १० वटा जिल्लामा रहेको छ जसको अर्थ यस कार्यालयको कार्यक्षेत्र भौगोलिक रूपमा निकै ठूलो रहेको छ। तर स्वीकृत अस्थायी दरवन्दी तेरिज अनुसार ७ जनाको दरवन्दी रहेकोमा हाल ५ जना कर्मचारी मात्र कार्यरत छन्। त्यसमध्ये कार्यालय प्रमुख, अधिकृत छैटौं २ जना र करारका कार्यालय सहयोग २ जना रहेका छन्। यसरी हेर्दा कार्यक्षेत्रको अनुपातमा कर्मचारी अपर्याप्त रहेको देखिन्छ। जसकारण कार्यालयको वार्षिक कार्यक्रमहरू प्रभावकारी ढंगले सञ्चालन गर्न कठिनाइ हुने गरेको छ।
- **सवारी साधनः-** कार्यालयमा हाल दुई वटा मोटरसाइकल र एउटा स्कुटर रहेको छ। तर चार पाङ्ग्रे सवारी साधन नभएको हुँदा भौगोलिक रूपले अलि अपायक पर्ने पहाडी तथा हिमाली जिल्लामा कार्यक्रम सञ्चालन गर्न जान कठिनाइ हुने गरेको छ। विशेष गरी वर्षात्को मौसममा पहाडी क्षेत्रका प्रायः सडकहरू हिलाम्मे हुने हुँदा दुई पाङ्ग्रे सवारी (मोटरसाइकल, स्कुटर) लिएर जान जोखिमपूर्ण हुने गरेको छ।

## ४.२ चुनौती

यस कार्यालयले सेवा प्रवाह गर्ने क्रममा सामना गर्नुपरेका मुख्य चुनौतीहरू देहाय अनुसार रहेका छन्।

- अपर्याप्त कर्मचारी र चार पाङ्ग्रे सवारी साधनको कमीका बावजुद स्वीकृत वार्षिक कार्यक्रममा भएका कार्यक्रमहरू सम्पन्न गर्नु।

- सेवाग्राहीहरूलाई पायक पर्ने स्थान र समयमा तालिम कार्यक्रम सञ्चालन गर्नु।

## ४.३ समस्या समाधानको उपाय

यस कार्यालयले सेवा प्रवाह गर्ने क्रममा आइपरेका समस्याहरू यथासम्भव समाधान गर्दै कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ। यस क्रममा कार्यालयले समस्या समाधान गर्न देहाय बमोजिमका उपायहरू अवलम्बन गर्दै आएको छ।

- हिउँदको समयमा टाढाका जिल्लाहरू र वर्षात्को समयमा नजिकका जिल्लाहरूमा कार्यक्रम गर्ने गरेको।
- कार्यक्रम तालिका बनाउँदा सकभर एकैपटक एकभन्दा बढी स्थानमा कार्यक्रम सञ्चालन गर्न सकिने गरी रुट तथा समय मिलाइ कार्यक्रम गर्ने गरेको।
- सडकको अवस्था, गन्तव्य स्थानको दूरी र मौसम अनुसार यथासम्भव यातायातको लागि कार्यालयको मोटरसाइकल नभए भाडाका सवारी साधन प्रयोग गर्ने गरेको।

# अनुसूची



कोशी प्रदेशस्तरीय होमस्टे सम्मेलन २०८०, राजाबास, उदयपुर




होमस्टेलाई सहयोग सामग्री हस्तान्तरण




गोठेसिंह होमस्टे, टेम्केमैयुङ्ग गा.पा.-२, भोजपुरमा होमस्टे तालिम




इक्राही, रामधुनी न.पा. ४, सुनसरीमा होमस्टे तालिम




चौकीबारी, त्रियुगा न.पा. ९, उदयपुरमा होमस्टे तालिम




प्रास्टोकी, दुहवी न.पा. १, सुनसरीमा होमस्टे तालिम




अमाह सिमसार, बराहक्षेत्र ४,५, सुनसरीमा होमस्टे तालिम




जगदिशपुर जलाशय थारु सामुदायिक होमस्टे, कपिलवस्तुमा भ्रमण




बहेडवा थारु सामुदायिक होमस्टे, उदयपुरमा भ्रमण



ल्वाङ्ग सामुदायिक होमस्टे, कास्कीमा भ्रमण